"कृषि र पर्यटनमा आधारित समृद्ध मोलुङ"

# मोलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा,ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

प.सं.:२०८२/०८३

सू. नं.:20

मिति: २०८२/०९/०९

### मोलुङ गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८२ सञ्चालन सम्बन्धी सूचना

चालु शैक्षिक सत्र २०८२ मा १८ वर्ष मुनिका कक्षा १२ सम्म नियमित अध्ययनरत छात्र/छात्राहरूबिच आ-आफ्नो समूहमा स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता -२०८२ अन्तर्गत मोलुङ गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८२/०९/०९ गतेको निर्णयानुसार मिति २०८२ पुस २५ गते देखि २७ गतेसम्म बरुणेश्वर माध्यमिक विद्यालय, रामपुर आयोजक विद्यालय स्थित खेल मैदानमा देहाय अनुसार राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिने भएकोले प्रतियोगितामा सहभागी हुन राष्ट्रपति रनिङ शिल्ड व्यवस्थापन तथा निर्देशिका २०७० (पाँचौं शंसोधन सहित) को अनुसूची-१ फाराम भरी आवश्यक कागजातहरू सहित रीतपूर्वक प्रतियोगिता आयोजक विद्यालय समक्ष मिति २०८२ पुष २३ गते दिनको ३:०० बजे भित्र सहभागी खेलाडीहरूको विवरण पेस गर्नु हुन सम्वन्धित विद्यालयहरूलाई यसै सूचना मार्फत अनुरोध गरिन्छ।

<u>तपसिल:</u>

१. भलिवल छात्र/छात्रा दुवैतर्फ

२. कबड्डी छात्र/छात्रा दुवैतर्फ

३. एथ्लेटिक्स तर्फ

क) दौड (ट्यार्क) तर्फ

छत्रः १०० मि, २०० मि, ४०० मि, ८०० मि,१५००, ३००० मि, रिले ४*१०० मि र रिले ४*४०० मि

छत्राः १०० मि, २०० मि, ४०० मि, ८०० मि,१५००, ३००० मि, रिले ४*१०० मि र रिले ४*४०० मि

ख) उफ्रने र फ्याक्ने (फिल्ड) तर्फ

छात्रः हाइजम्प, लङजम्प, त्रिपल जम्प, ज्याभलिङ थ्रो, ८०० ग्राम सटपुट १२ पाउण्ड

छात्राः हाइजम्प, लङजम्प, त्रिपल जम्प, ज्याभलिङ थ्रो, ६०० ग्राम सटपुट ८ पाउण्ड

४. मार्सल आर्ट तर्फ

क) तेक्वान्दो (प्रत्येक तौल समूहमा १/१जना)

छात्रः U'४५ केजी, U '४८केजी, U '५१ केजी, U '५५ केजी, U '५९ केजी र एकल पुम्से

छात्राः U'४२ केजी, U '४४केजी, U '४६ केजी, U '४९ केजी, U '५२ केजी र एकल पुम्से

**नोट:**

१. एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलका हकमा छात्र तथा छात्रा रिलेको प्रत्येक इभेन्ट्समा १/१ समूह मात्र र अन्य खेलमा प्रत्येक इभेन्ट्समा १/१ खेलाडीलाई सहभागी गराउन सक्नेछन्। एथ्लेटिक्स इभेन्ट्सका प्रत्येक खेलाडीले बढिमा एक फिल्ड दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाकमा भाग लिन पाउनेछन्।

ओसो कार्की
प्रमुख प्रशासकीय अधिकृत

Phone: 9852840501, 9852840505,Website:www.molungmun.gov.np,E-mail:-molungrm@gmail.com

"कृषि र पर्यटनमा आधारित समृद्ध मोलुङ"

मोलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्राप्चा, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

प.सं.:२०८२/०८३

सू. नं.:२०

२. प्रत्येक विद्यालयले भलिवल र कबड्डी खेलतर्फ बढीमा ९/९ जनासम्म खेलाडी छात्र/छात्राहरु पठाउन सक्नेछन।

३. चालु शैक्षिक सत्र २०८२ मा गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूमा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत रहेको १८ बर्ष मुनिका विद्यार्थीहरू मात्र प्रतियोगितामा सहभागी हुन पाउने छन।

४. प्रतियोगितामा सहभागी खेलाडी/विद्यार्थीहरूले एक खेल विधामा मात्र सहभागी हुन पाउने छन।

५. अन्तराष्ट्रियस्तरको प्रतियोगिता पदक विजेता खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराइने छैन।

६. प्रतियोगितामा सहभागी हुनका लागि खेलाडीहरूको जम्मदर्ताको सक्कलै प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

७. प्रतियोगिता सम्बन्धी अन्य व्यवस्था राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (पाँचौं संसोधन सहित) अनुसार हुनेछ।

**बोधार्थ :**

श्री सूचना तथा प्रविधि शाखा: यो सूचना वेभ साइटमा अपलोड गरी दिनु हुन।

ओशो कर्ण
प्रमुख प्रशासकीय अधिकृत

ओशो कर्ण
प्रमुख प्रशासकीय अधिकृत